बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०८०/०८१

चलानी नम्बरः- ४३२

मितिः-२०८०/०९/२३

**विषयः तह वृद्दिका लागि आवश्यक कागजात सम्बन्धमा ।**

श्री वन निर्देशनालय, बागमती प्रदेश, हेटौंडा ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गोदावरी, ललितपुर ।
श्री डिभिजन वन कार्यालय, १५ वटै वागमती प्रदेश ।
श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय, ७ वटै, वागमती प्रदेश ।

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिम तह वृद्धि हुन तोकिएको सेवा अवधि, शैक्षिक योग्यता र पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकन पेश गरेका कर्मचारीको तह वृद्धिका लागि देहायमा उल्लेखित कागजात तयार गरी प्रत्येक कर्मचारीको छुट्टा छुट्टै फाइल सहित मिति २०८०/१०/०९ गते भित्र पठाउनु हुन यस मन्त्रालय (सचिवस्तर) मिति २०८०/०९/२४ को निर्णयानुसार अनुरोध छ।

देहायः-

- तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएको ।
- पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको ।
- तह वृद्धिको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।
- पाचौं तहबाट छैटौ तहमा सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण ।
- सातौ तहबाट आठौं तहमा :सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- नवौ तहबाट दशौं तहमा :सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- शैक्षिक योग्यता सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।
- पछिल्लो पाँचवर्षको का.स.मू. फारम कुन कुन कार्यालयमा दर्ता गरिएको हो सो कार्यालयको नाम र आ.व. खुलाई पठाउनुहुन ।
- तह वृद्दिका लागि आवश्यक आ.व. का का.स.मू. :- **आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व. २०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८०**
- आ.व. २०७५/०७६ मा तलबी अध्ययन बिदा स्वीकृत गराई अध्ययन बिदामा रहनु हुने कर्मचारीको आ.व. २०७४/०७५ को का.स.मू.
- सम्बन्धित कर्मचारीको शुरु नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र, बागमती प्रदेशमा समायोजन भएको पत्र, पदस्थापन पत्र, हालको कार्यालयमा पदस्थापन / सरुवा पत्र र PIS प्रिन्ट ।
- निलम्बन रही निलम्बन फुकुवा भएको भए फुकुवा पत्र, अध्ययन बिदा स्वीकृत गराई अध्ययन बिदामा रहेको भए स्वीकृत अध्ययन बिदाको पत्र ।

उपसचिव

बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-

चलानी नम्बरः-

- बागमती प्रदेश भित्रका जिल्लाहरु बाहेक, वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग तथा अन्य प्रदेशका जिल्लामा का.स.मू. दर्ता गरिएको भए का.स.मू. समेत पठाउनुहुन ।
- सम्बन्धित कर्मचारीको तह वृद्धि सम्बन्धी निवेदन ।
- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ को खण्ड (क) (ख) (ग) (घ) र ऐ. ऐनको दफा ३४ को उपदफा १ बमोजिमको अवधिभर तह वृद्धि रोक्का गरिनेछ ।
- सहायकस्तर चौथौ तहमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा २ बमोजिम स्वत: पाँचौ तहमा तह वृद्धिका लागि पेश गर्नुपर्ने कागजात :
    - निवेदन
    - शुरु नियुक्ती पत्रको फोटोकपी
    - बागमती प्रदेशमा समायोजन भएको समायोजन पत्र
    - PIS
    - हालको पदमा पदस्थापन भएको पत्र/सरुवा पत्र

..................................

(लक्ष्मी नाथ दवाडी)

उपसचिव